मार्च 2021

आदरणीय छिमेकी,

समुदायमा साझेदार भएको हुनाले, हामी तपाईंसँग केही जानकारी साझा गर्दैछौँ। Sofina Foods Inc. बर्लिङ्गटनमा रहेको Appleby Line र Harvester Road मा सञ्चालित छ। यो सुविधा बर्लिङ्गटनमा ठूलो रोजगारदाताहरू मध्ये एक हो र हामीले गर्वको साथ बर्लिङ्गटनमा 60 वर्ष देखि व्यवसाय गरेका  छौँ।

## तपाईंलाई सूचित राख्दै: बर्लिङ्गटन प्लान्टमा एमोनिया सुरक्षा

### हामीले तपाईंसँग यो जानकारी किन साझा गर्दैछौँ?

समुदायमा साझेदार भएको हुनाले, हामीले सबै छिमेकी निवासी तथा व्यवसायहरूलाई हाम्रो सुविधामा एमोनियाको प्रयोग बारे सूचित गराउँदै छौँ।

### एमोनिया भनेको के हो?

एमोनिया रङ्गहीन ग्याँस, तरल पदार्थ वा सेतो वाष्पसहित धेरै प्रकारका हुन सक्छन्।  एमोनिया जस्ता अत्याधिक रसायनहरूलाई राम्रोसँग व्यवस्थित गर्दा एकदमै सुरक्षित हुन्छ।

### Sofina ले एमोनिया कसरी प्रयोग गर्छ?

धेरै अन्य कम्पनीहरूले जस्तै, हामीले हाम्रो सुविधास्थलमा हाम्रा उत्पादनहरूलाई चिसो राख्नका लागि एमोनियालाई रेफ्रिजरेन्टको रूपमा प्रयोग गर्छौं। आवश्यकता अनुसार, यसलाई इन्जिन कक्षमा स्थित प्रेसर भेसलहरूमा भण्डार गरिन्छ र ती भेसलहरूबाट बन्द पाइपिङ प्रणाली हुँदै हाम्रा उत्पादन क्षेत्रहरूमा रहेको चिसो बनाउने एकाइ, भण्डारण कक्ष, कूलर तथा फ्रिजरहरूमा ल्याइन्छ।

Sofina को एमोनिया प्रणालीलाई कठिन रोकथाम मर्मत प्रक्रिया र तालिकाको माध्यमबाट उच्च रूपमा प्रशिक्षित Sofina कर्मचारी र तेस्रो-पक्ष विशेषज्ञहरूद्वारा व्यवस्थित गरिन्छ। साथै, हाम्रो कुलिङ प्रणालीमा हाम्रा टोलीलाई सम्भावित रिलिजसँग सम्बन्धित कुनै पनि सम्भावित समस्या बारे सचेत गराउनका लागि हाम्रो इन्जिन कक्षहरूमा निरीक्षण प्रणालीहरू छन्।

### तपाईंलाई के जान्न आवश्यक छ?

एमोनिया-सम्बन्धी रिलिज भएको उच्च रूपमा असम्भव अवस्थामा, हामीसँग एमोनिया प्रयोग गर्ने अन्य कम्पनीहरूसँग अनुरूप उपायहरू तय छन्।

तपाईं निम्न कुराबाट सचेत हुन महत्त्वपूर्ण छ:

- तपाईं जोरदार साइरन सुन्न सक्नुहुन्छ। यसको अर्थ हाम्रो बर्लिङ्गटन प्लान्टमा एमोनिया-सम्बन्धी रिलिज भएको छ।
- Sofina ले हाम्रो पाठ सूचना प्रणालीमा रोजिएका सबैजनालाई पाठ सन्देश पठाउनेछ।  अप्ट इनको लागि निर्देशनहरू तल छन् र यो जानकार रहनको लागि सबैभन्दा राम्रो तरिका हो।
- तपाईं “आश्रय खोज्नुपर्छ”र्छ। यसको अर्थ तपाईं जहाँ हुनुहुन्छ त्यही बस्नु पर्छ र बाहिर निस्क्नु हुँदैन।  तपाईं बाहिर हुनुहुन्छ भने, तपाईं तुरुन्तै घरभित्र जानुपर्छ।
- तपाईं "कुनै ठाउँमा आश्रय लिँदै" हुनुहुन्छ र घरमा हुनुहुन्छ भने, आफ्ना झ्याल तथा ढोकाहरू र भेन्टिलेसन र/वा एयर कन्डिसनिङ बन्द गर्नुहोस्। भित्र बस्नु भनेको आफू सुरक्षित राख्ने सबैभन्दा राम्रो तरिका हो।

- तपाईं "कुनै ठाउँमा आश्रय लिँदै" हुनुहुन्छ र आफ्नो कारमा हुनुहुन्छ भने, आफ्नो कारमै बसी सुरक्षित स्थानमा पार्क गर्नुहोस् र इन्जिन बन्द गर्नुहोस्।
- अग्नी नियन्त्रण विभागले अवस्थालाई मूल्याङ्कन गरिसकेपछि, उनीहरूले अर्को उचित चरणहरू निर्धारण गर्नको लागि हाल्टन क्षेत्र प्रहरी र प्यारामेडिक सेवाहरूसँग सहकार्य गर्नेछन्।
- आपतकालिनभरि, आपतकालिन प्रतिक्रियाको स्थितिको र अवस्थलाई समाधान गर्न लिइएका कार्यहरूको सम्बन्धमा सर्वसाधरणलाई सूचित गराइनेछ।
- Sofina को टोलीले बर्लिङ्गटन अग्नी नियन्त्रण विभा तथा हाल्टन क्षेत्र प्रहरी र प्यारामेडिक सेवाहरूसँग नजिक भएर कार्य गर्नेछन्। तपाईं अद्यावधिकहरूको लागि हाम्रो वेबसाइट www.sofinafoods.com मा जान सक्नुहुन्छ र बर्लिङ्गटन शहरको सामाजिक सञ्जालका प्लेटफर्महरूमा भिजिट गर्नुहोस्: Twitter @cityburlington @burlingtonfire and www.burlington.ca/en/

एमोनिया अनावरणका लक्षणहरूमा तपाईंको आँखा, नाक वा घाँटीमा जलन महसुस हुने र अत्याधिक मामिलाहरूमा, श्वासप्रश्वासमा कठिनाइ हुने जस्ता लक्षणहरू समावेश छन्। तपाईंले यी लक्षणहरू अनुभव गर्नुभएको छ भने, तपाईंले आफ्ना आँखाहरू, नाक वा मुख टावेल वा केही प्रकारका कपडाले छोप्नुपर्छ र भित्रको क्षेत्रमा जानुपर्छ। तपाईंले आफ्नो ढोका र झ्यालहरू बन्द राख्नु पर्छ र आवश्यक भएमा, टावेलहरू ढोकाको तल राख्नुपर्छ। तपाईंलाई आफू एमोनियामा अनावृत भएको जस्तो लाग्छ भने, तपाईंले चिकित्सा अभ्यासकर्ता – आवश्यकता अनुसार कि त आफ्नो परिवारको चिकित्सक कि आपत्कालीन स्याहारलाई भेट्नुपर्छ।

## थप जानकारीको लागि

### टेक्स्ट सतर्कताहरू:

टेक्स्ट सतर्क प्रणाली जानकारी प्राप्त गर्ने र जानकार रहने सबै भन्दा छिटो तरिका हुनेछ। कृपया आजै साइन अप गर्नुहोस्। तपाईंले यी कुराहरू आपतकालीन अवस्थामा मात्र प्राप्त गर्नुहुनेछ। कृपया हाम्रो सम्पर्क सूचिमा जोडिनको लागि
**1-888-217-6557 र शब्द 'ADD'** टेक्स्ट गर्नुहोस्। हामीले यो सेवाबाट कुनै पनि व्यक्तिगत जानकारी सङ्कलन गर्दैनौँ र तपाईं कुनै पनि समयमा बाहिर निस्कन सक्नुहुन्छ।

### हामीलाई सम्पर्क गर्नुहोस्:

emergencyresponse@sofinafoods.com / 905-637-2301

### अन्य भाषाहरू:

यस कागजातलाई अन्य भाषाहरूमा हेर्नका लागि कृपया यसमा भिजिट गर्नुहोस् www.sofinafoods.com/info